# राष्ट्रिय मानव अधिकार आयोग

## National Human Rights Commission, Nepal

केन्द्रीय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal

## प्रेस-विज्ञप्ति

२०७९ कात्तिक ३

### कर्णालीमा यातायात तथा हवाईसेवालाई सहज बनाउन आग्रह ।

बाढी पहिरोका कारण कर्णाली प्रदेशको कर्णाली राजमार्ग २०७९ असोज २१ गतेदेखि अबरुद्ध रहनुका साथै जुम्ला, मुगु, हुम्ला र डोल्पामा केही दिनदेखि हवाई सेवा प्रभावित भई नागरिकहरुको आवतजावतमा कठिनाई उत्पन्न भएको अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

आवतजावतमा देखिएको समस्याका कारण दशैं मनाउन घर गएका नागरिक गन्तव्यस्थलमा फर्किन नपाएको, परिक्षार्थीहरु परिक्षास्थलमा पुग्न नपाइरहेको, आकस्मिक उपचारको आवश्यक परेका बिरामीहरु तथा राष्ट्रिय खेलकुदमा सहभागी हुने खेलाडीहरु समस्यामा परेको, हुम्लामा चामलको भण्डारण सकिएको एवम् जुम्लामा करिब ७०० र मुगुमा करिब १५० जना नागरिक अलपत्र अवस्थामा रहेको पाइएको छ ।

यस सम्बन्धमा आयोगले नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीसँग आज छलफल गर्नुका साथै सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीहरु सँग आवश्यक जानकारी लिएको छ । कर्णालीमा अलपत्र परेका नागरिकहरु विशेषतः सुत्केरी, गर्भवती, बिरामी, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, परीक्षार्थीलाई तत्काल विशेष व्यवस्था गर्ने, वायु सेवा कम्पनीहरुलाई जिम्मेवार बनाउने, उडान सङ्ख्या थप गर्ने, उडान निमित गर्ने, हवाई टिकट पारदर्शी बनाउने, टिकट वितरण प्रणाली पहुँचयुक्त बनाउने, दुर्गम पहाडी तथा हिमाली जिल्ला हवाई सेवा समस्या समाधानका लागि तत्काल र दीर्घकालीन रुपमा गर्नुपर्ने नीतिगत तथा कार्यगतलगायतका विषयमा आयोगले प्राधिकरणलाई आग्रह गरेको छ ।

छलफल कार्यक्रममा आयोगका कार्यवाहक अध्यक्ष माननीय सदस्य डा. सूर्य ढुङ्गेल, माननीय सदस्यहरु मिहिर ठाकुर र लिली थापालगायतको सहभागिता रहेको थियो ।

.......................

डा. टीकाराम पोखरेल

प्रवक्ता

(सहसचिव)

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org